# नेपाल सरकार
# अर्थ मन्त्रालय
# सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
## <u>स्थापना सम्बन्धि प्रेस नोट</u>

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।३।२० मा स्वीकृत संगठन संरचना अनुसारआज मिति २०७५।०९।११ गते  सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको माननिय अर्थमन्त्री डा युवराज खतिवडा बाट एक समारोह बिच ताम्रपत्रको अनावरण गरी विधिवत रुपमासमुद्घाटन भयो ।

सार्वजनिक ऋण सम्बन्धी कार्य हालसम्म अर्थमन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्बैंक लगायतका निकायहरुबाट सम्पादन हुने गरेकोमा एकै निकायबाट उक्त कार्यहरु सम्पादन गर्नका लागिसार्वजनिक ऋण व्यवस्थापन कार्यालयको स्थापना भएको हो । हाल नेपाल सरकारको तर्फबाट आन्तरिक ऋण उठाउने कार्य नेपाल राष्ट् बैक मार्फत हुंदै आई रहेकोमा अब यस कार्यालयको स्थापना पश्चात कानूनी पुर्वाधार सहित आन्तरिक ऋणको व्यवस्थापनलाई थप प्रभावकारी बनाउने कार्य यसै कार्यालयले गर्नेछ ।नेपाल सरकारले लिएका वा उठाएका आन्तरिक तथा बैदेशिक ऋणको  अभिलेख, भुक्तानी र लेखांकन गर्ने कार्य साथै नेपाल सरकारको आन्तरिक एवं बाह्य श्रोतबाट सार्वजनिक संस्थानहरुमा ऋण तथा सेयर लगानी गर्ने र लगानी तथा असुलीको ब्यवस्थापन गर्ने कार्य हाल महालेखा नियन्त्रक कार्यालयको ऋण तथा लगानी शाखाबाट हुदै आएकोमा आगामी दिनमा यस कार्यालयलेसम्पादन गर्नेछ । साथै अर्थ मन्त्रालय अन्तराष्ट्रिय सहायता समन्वय महाशाखा र आर्थिक निति बिश्लेषण महाशाखा वाट सम्पादित आन्तरिक तथा बाह्य ऋण सम्बन्धी आंशिक कार्यहरु समेत यस कार्यालयबाट सम्पादन हुदै जानेछ ।

<u>मुलत: आगामी दिनमा यस कार्यालयले देहायका कार्य सम्पादन गर्नेछ :</u>

- आन्तरिक ऋण उठाउने, अभिलेखिकरण गर्ने र त्यसको भुक्तानी दिने सम्बन्धि सम्पुर्ण कार्य गर्ने ।
- ऋणपत्रको दोश्रो बजारको कारोबार व्यवस्थापन, सरकारी जमानतको अभिलेख व्यवस्थापन, जमानती कमिसन असुल गर्ने, जमानत सम्बन्धी सम्झौता हरु प्राप्त गरी अद्यावधिक गर्ने ।
- आन्तरिक ऋण उठाउने सम्बन्धमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगलाई सुझाव गर्ने र आयोगबाट प्राप्त निर्देशन पालना गर्ने लगायतका महत्वपुर्ण जिम्मेवारी बहन गर्ने ।

- बैदेशिक ऋणको  अभिलेख, भुक्तानी र लेखांकन गर्ने कार्य र सो को तयारी सम्बन्धि कार्य गर्ने ।
- सार्वजनिक ऋण तथा लगानीको अध्ययन, अनुसन्धान र प्रकाशन गर्ने, आन्तरिक तथा बैदेशिक ऋण भुक्तानीका लागि बजेट तर्जुमा गर्ने ।

सो अवसरमा माननीय अर्थ मन्त्री डा.युवराज खतिवडाबाट विकासका लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापनका लागि आन्तरिक ऋण महत्वपुर्ण रहेको वताउनु भयो । संघीय वित्तीय प्रणालीमा संघ र प्रदेशले उठाउने आन्तरीक ऋणको व्यवस्थापन गर्नुपर्ने अवस्था छ भने अर्को तर्फ बैदशिक ऋणको सावा तथा ब्याज भुक्तानी समेत समयमै यसै कार्यालयबाट हुनु पर्ने बताउदै सम्बन्धित कर्मचारीहरुलाई कार्यालय स्थापनाको औचित्य लाई आत्मसाथ गर्दै व्यवसायिकता र दक्षता अभिवृद्दिमा लाग्न जोड दिनुभयो । पूँजी निर्माणका लागी आन्तरिक ऋण परिचालन अपरिहार्य रहेको औंल्याउदै उहांले बिकशित मुलुकहरुमा पनि आन्तरिक ऋण उल्लेख्य रुपमा हुने गरेको बताउनु भयो । सोही अवसरमा नेपाल राष्ट्रबैंकका गभर्नर डा. चिरञ्जिवी नेपालले शुभकामना दिनुहुदै कार्यालयको संस्थागत सुद्धृढिकरणका लागी राष्ट्र बैकको पुर्ण सहयोग रहने बताउनुभयो । साथै अर्थ मन्त्रालयका सहसचिव श्री मुकुन्द पौडेल ले कार्यालय स्थापनाको औचित्य बारे प्रकाश पार्नुभएको थियो ।कार्यालय प्रमुख श्री विष्णुराज ढकाल ले कार्यालयको उद्देश्य बारे प्रष्ट्याउदै अतिथीहरुको स्वागत गर्नुभएको थियो ।

११ पौष २०७५

अर्थ मन्त्रालय